# बौदीकाली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ, नवलपरासी (ब.सु.प.)
गण्डकी प्रदेश, नेपाल

## साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैह्र सरकारी संघ/संस्थाका लागि आशयपत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७९।०८।२९**

बौदीकाली गाउँपालिकाले कृषि तथा पशु विकासको क्षेत्रमा निजी क्षेत्र/गैह्र सरकारी संघ/सस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले "**साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९**" कार्यान्वयनमा ल्याएको छ। यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७९/८० देखि सुरु हुने गरी बहुवर्षिय/सालबसाली रूपमा कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैह्र सरकारी क्षेत्रका व्यक्ति/संस्थाहरूबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आशयपत्र पेस गर्न आह्वान गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण गाउँपालिकाको वेबसाइट **www.baudikalimun.gov.np** बाट डाउनलोड गर्न वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ। योग्यता नपुगेका र आवश्यक विवरणहरू र कागजात संलग्न नभएको प्रस्ताव उपर कारबाही गर्न गाउँपालिका जबाफदेही हुनेछैन।

**प्रमुख प्रशासकीय अधिकृत**